हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २५, अङ्क : २, २०८३ असोज ११ गते आइतवार (27 Sept. 2026) मूल्य रु. ३०।-



प्रधानमन्त्री बालेन्द्र शाह संयुक्त राष्ट्र संघको महासभामा सम्बोधन गर्नुहुँदै ।

नेपालको विपत् विश्वकै लागि चेतावनी हो : प्रम

सुस्केरा समाचारदाता

डोल्पा, असोज । प्रधानमन्त्री बालेन्द्र शाहले हिमबाढीको विपत् नेपालको मात्र नभएर भविष्यका लागि विश्वकै ठुलो जलवायु चेतावनी भएको उद्घोष गर्नुभएको छ । संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभालाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री शाहले नेपालको भोटे कोशी-त्रिशूली हिमबाढीको कहर सुन्न विश्व नेतृत्वलाई आह्वान गर्नुभएको हो ।

भदौ १० गते लामटाङ लिरुङ हिमाल चोइटिएर झर्दा भोटेकोशी हुँदै आएको हिमबाढीले नेपालमा अकल्पनीय जनधनको क्षति पुऱ्याएको थियो । प्रधानमन्त्री शाहले विश्व नेतृत्वलाई भन्नुभयो, “भोटेकोशी-त्रिशूलीको विपत् कुनै स्थानीय त्रासदी मात्र थिएन, त्यो विश्वकै लागि चेतावनी थियो, आज म तपाईंहरूलाई सोध्न चाहन्छु, के हामीले त्यो चेतावनीलाई साँच्चै सुनेका छौं ?” उहाँले धेरै परिवार आफ्ना प्रियजनको प्रतीक्षामा रहेको उल्लेख गर्दै थप्नुभयो, “जो हिलो, ढुङ्गा र बाढीको भेलभित्र कहिल्यै फेला नपर्न सक्ने आफन्तका शव खोतल्दै छन् । कैयौं पुल, सडक, विद्यालय, घर र जीविकोपार्जनका साधन केही मिनेटमै बगेर नष्ट भए ।” प्रधानमन्त्रीले यसबाट दिगो विकास लक्ष्य हासिल गर्ने नेपालको यात्रामा गम्भीर अवरोध पुगेको प्रस्ट्याउनुभयो ।

.... .पेज नं. ८ मा

मन्दिरको भेटी चोरीमा थप पक्राउ

विष्णुप्रसाद देवकोटा

डोल्पा, असोज । त्रिपुरासुन्दरी नगरपालिका-१ स्थित प्रसिद्ध बाला त्रिपुरासुन्दरी मन्दिरको भेटी रकम चोरी प्रकरणमा मन्दिरकै चार पुजारी पक्राउ परेका छन । ५५ हजार ८० रुपैयाँ चोरी भएको घटनामा प्रहरीले थप चार जनालाई पक्राउ गरेको हो । जिल्ला अदालत डोल्पाबाट जारी पक्राउ पुर्जीका आधारमा प्रहरीले मन्दिरका पूजारीसहित चार जनालाई पक्राउ गरेको हो । पक्राउ पनेमा त्रिपुरासुन्दरी-१ त्रिपुराकोटका २३ वर्षीय प्रख्यात उपाध्याय, ४४ वर्षीय रामप्रसाद उपाध्याय, २९ वर्षीय आशिष उपाध्याय र २७ वर्षीय झलक उपाध्याय छन् ।

उनीहरूलाई असोज ८ गते त्रिपुराकोट स्थित मन्दिरबाटै नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय डोल्पाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक पदम रावलले जानकारी दिनु भयो । प्रहरीले चारै जनालाई नियन्त्रणमा

.... .पेज नं. ८ मा

भिरबाट खसेको ढुंगा लागेर मृत्यु

सुस्केरा समाचारदाता

डोल्पा, असोज । डोल्पामा अविरल वर्षाका कारण भिरबाट ढुङ्गा खसेर लाग्दा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार त्रिपुरासुन्दरी नगरपालिका-७ रावलबाडा बस्ने अन्दाजी ३३ वर्षीय मनरुप के.सी. र अन्दाजी ३८ वर्षीय चन्द्ररुप के.सी. बगर हरेलखोला स्थित त्रिपालले बनेको गोठमा सुतिरहेको अवस्थामा भिरबाट ढुंगा खसेको हो । अविरल वर्षाका कारण असोज ९ गते राति करिब ९:४५ बजे गोठमाथि रहेको भिरबाट खसेको ढुङ्गाले लाग्दा मनरुप के.सी.को टाउको र छातिमा गम्भीर चोट लागेको थियो । उनलाई उपचारका लागि स्थानीय स्वास्थ्य चौकी लिकुतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ ।

.... .पेज नं. ८ मा

अध्यादेशको व्यवस्था जोगाउने चाल

सुस्केरा समाचारदाता

डोल्पा, असोज । सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी अध्यादेश निष्क्रिय भएपछि सरकारले साबिककै व्यवस्था जगाउने गरी विधेयक संसदमा दर्ता गरेको छ । २०८३ वैशाख १९ मा अध्यादेश जारी भए पनि संसद्बाट प्रतिस्थापन नभएपछि अध्यादेशले संशोधन र खारेज गरेका साबिककै व्यवस्था जगाउन केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक प्रतिनिधि सभामा दर्ता भएको हो । प्रधानमन्त्री बालेन्द्र शाहले विधेयक दर्ता गर्नुभएको हो । विधेयकले यसअघि संशोधन भएका ८५ वटा ऐनका व्यवस्था जगाउने प्रस्ताव छ ।

अध्यादेशले संशोधन गरेको कानुनी व्यवस्था अध्यादेश प्रतिस्थापन नभए साबिकको व्यवस्था स्वत: जाग्ने सवो

.... .पेज नं. ८ मा

रुपपाटनमा घोडा दौड सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा, असोज । ठूलीभेरी नगरपालिका-६ रुपपाटन डोल्पामा सरसफाइ कार्यक्रमलाई जोडेर घोडा दौड प्रतियोगिता सम्पन्न भएको छ ।

रुपपाटनलाई सफा, सुन्दर र पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले थ्राईव हिमालयको आयोजना तथा रुपपाटन युट्युब च्यानलको समन्वय र सहकार्यमा ३ हजार ८ सयको उचाईमा रहेको रुपपाटनमा घोडा दौडसँगै सरसफाइ प्रतियोगिता गरिएको हो ।

घोडा दौडसँगै सहभागीले रुपपाटन क्षेत्रमा ४ सय ७४ किलो फोहोर संकलन समेत गरेका छन । संकलित फोहोर व्यवस्थापनका लागि रुपपानी सामुदायिक वन उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको रुपपाटन युट्युब च्यानलका संचालक तथा प्रतियोगिता आयोजना समन्वय सहजजीकरण संयोजक तुलचन्द्र बुढाले जानकारी दिनु भयो । घोडा दौड प्रतियोगितामा ठूलीभेरी नगरपालिका-५ माझफालका दिनेश बोहोरा प्रथम भएका छन् ।

यसैगरी सबैभन्दा बढी तौलको फोहोर संकलन गर्ने विधामा माझफालकै कमल

.... .पेज नं. ८ मा

विज्ञापन बोर्डको अध्यक्षमा सन्तोष श्रेष्ठ नियुक्त

सुस्केरा समाचारदाता

डोल्पा, असोज । सरकारले विज्ञापन बोर्डको अध्यक्षमा सन्तोष श्रेष्ठ लाई नियुक्त गरेको छ । मन्त्रीपरिषद् को असोज २ गतेको निर्णयअनुसार काठमाडौँ महानगरपालिका -१४ निवासी श्रेष्ठलाई बढीमा चार वर्षका लागि बोर्डको अध्यक्ष नियुक्त गरिएको हो ।

नवनियुक्त अध्यक्ष श्रेष्ठले सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना समक्ष पद तथा गोपनीयताको शपथ लिनुभयो । शपथपछि सूचना तथा सञ्चारमन्त्री डा. तिमिल्सिनाले नवनियुक्त अध्यक्ष श्रेष्ठलाई विज्ञापन क्षेत्रको नियमन, व्यवस्थापन र सुधार का लागि परिणाममुखी ढङ्गले काम गर्न निर्देशन दिनुभयो । उहाँले विज्ञापन क्षेत्रलाई व्यवस्थित बनाउन बोर्डले आफ्नो अधिकार र जिम्मेवारी अनुसार प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले बोर्डको आवश्यकता, औचित्य र स्वीकार्यता थप स्थापित गर्नेगरी कार्ययोजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले विज्ञापन बोर्डको वर्तमान अवस्था, समस्या, अवसर र सम्भावनाको गम्भीर समीक्षा गरी सुधारका स्पष्ट योजनासहित काम गर्नुपर्ने बताउनुभयो । विद्यमान कानुन तथा नियमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु अहिलेको प्रमुख चुनौती रहेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा. तिमिल्सिनाले बोर्डले आफ्ना कमजोरी पहिचान गरी सुधार गर्नुपर्ने बताउनुभयो ।

लोक कल्याणकारी विज्ञापन

.... .पेज नं. ८ मा

नेपालको विपत् .. ..

सीमाहीन चुनौती

प्रधानमन्त्री शाहले जलवायु परिवर्तनले सिर्जना गरिरहेको विपत्ले कुनै देशको सिमाना नचिन्ने तथ्य राख्नुभयो। "पग्लिँदै गएको स्थायी हिउँको तहले हिमनदीभित्रका पहाड चिरा पारिरहे को छ," उहाँले भन्नुभयो, "जसले गर्दा बरफ र चट्टान खस्ने हिमपहिरो, बाढीपहिरो तथा अन्य शृङ्खलाबद्ध विप त्को जोखिम बढेको छ। यसले हामी लाई एउटा सत्य सम्झाउँछ, जलवायु परिवर्तनले सिमाना चिन्दैन, हिमनदी र बाढी भिसा वा राहदानी बोकेर यात्रा गर्दैनन्।"

सहयोगको अपिल

महासभामा विपत्पछिको अवस्थामा नेपाललाई सहयोगसहितको साथका लागि प्रधानमन्त्री शाहले अपिल गर्नुभयो। उहाँले तत्कालीन राहत तथा उद्धारमा नेपाललाई सहयोग गर्ने अन्तर्राष्ट्रिय समुदायलाई नेपाली जनताका तर्फबाट कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले अपिल गर्नुभयो, "२०७२ सालको गोरखा भूकम्पपछिको पुनर्निर्माणमा जस्तै हामी फेरि पनि तपाईंहरूको ऐक्यबद्धता र सहयोगको अपेक्षा गर्दछौं।" प्रधानमन्त्री शाहले जलवायु न्यायलाई साझा जिम्मे वारीका रूपमा सबैले बोध गर्नुपने सुझाउनुभयो। उहाँले भन्नुभयो, "जलवायु न्याय संयुक्त राष्ट्रसङ्घका दस्ताबेजमा सीमित सुन्दर पदावली मात्र बन्नु हुँदैन, हाम्रा जनताले बार म्बार विगतका भग्नावशेष पुनर्निर्माण मात्र गरिरहने होइन, आफ्नो भविष्य निर्माण गर्ने अवसर पाउनु पर्छ।"

संयुक्त राष्ट्रसङ्घीय जलवायु परि वर्तनसम्बन्धी महासन्धि अनुसार अन्तर्राष्ट्रिय समुदायले साझा जिम्मे वारीको सिद्धान्तलाई स्वीकार गरेको उल्लेख गर्दै उहाँले जोसँग ठुलो क्षमता छ, उनीहरूले बढी जिम्मेवारीबोध गर्न सुझाव दिनुभयो।

प्रधानमन्त्रीले नेपालको सिमानाभन्दा परका जनसङ्ख्यालाई पानी, पारि स्थितिकीय प्रणाली, कृषि र जीविको पार्जनको आधार संरक्षण गर्न ने पाल, भारत र चीनको नेतृत्वमा संयुक्त संयन्त्र स्थापनाको प्रस्ताव पनि गर्नुभयो। नेपाल, भारत र चीनलगा यतका देशभित्र पर्ने हिन्दुकुश हिमा लय क्षेत्र करिब दुई अर्ब मानिसको साझा घर भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "अत्यावश्यक कदमका रूपमा, हामी नेपाल, भारत र चीनको नेतृत्वमा एउटा 'हिमालयन क्लाइमेट रेजिलेन्स मेकानिजम' अर्थात् हिमा ली जलवायु अनुकूलन-पुनरुत्थान संयन्त्र स्थापना गर्न प्रस्ताव गर्दछौं।"

विज्ञापन बोर्डको ....

वितरणलाई समेत वैज्ञानिक, वस्तुनिष्ठ, पारदर्शी र विधिसम्मत बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो । लोक कल्याणकारी विज्ञापन वितरणमा पारदर्शिताको विष यमा महालेखापरीक्षकको कार्यालयले समेत प्रश्न उठाउँदैआएको सन्दर्भ उल्लेख गर्नुहुँदै उहाँले सार्वजनिक स्रो तको पारदर्शी र प्रभावकारी उपयोग सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

नवनियुक्त अध्यक्ष श्रेष्ठले विज्ञापनसँग सम्बन्धित नीति, ऐन तथा कानुनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।

रुपपाटनमा घोडा .....

रोकाया विजेता बने । उनले ७९ किलो फोहोर संकलन गरेका थिए ।

उत्कृष्ट फोहोर वर्गीकरणतर्फ माझफा लकै बम रोकाया विजेता भएका छन् । तीनवटै विधाका विजेतालाई जनही २५ हजार रुपैयाँ नगद र प्रमाणपत्र प्रदान गरिएको थियो ।

ठूलीभेरी नगरपालिका भन्दा बाहिरबाट सहभागी भएका दानबहादुर बुढालाई प्रोत्साहनस्वरूप १५ हजार रुपैयाँ र प्रमाणपत्र प्रदान गरिएको थियो । घोडा दौड प्रतियोगितामा १३ घोडाले सहभा गीता जनाएका थिए ।

अध्यादेशको व्यवस्था ....

च्च अदालतले व्याख्या गरे पनि सर कारले पुरानो व्यवस्था जगाउन संसदीय प्रक्रिया अवलम्बन गदै आएको छ । पछिल्लो पटक सवो च्चको पूर्ण इजलासले संसद्मा पेस नभएको र राष्ट्रपतिबाट खारेज भएको अध्यादेशका हकमा अध्यादेश निष्क्रिय भए सांविकका व्यवस्था स्वत: जाग्ने नजिर प्रतिपादन गरेको थियो तर सर कारले भने विगतको अभ्यास र कानुन निर्माणमा विधायिकी अधिकार सर्वोच्च हुने भन्दै सांविकका व्यवस्था जगाउन संसदीय प्रक्रिया नै अवलम्बन गदै आएको छ । सर्वोच्चको नजिरपछि पनि सांविकका व्यवस्था जगाउन दुई विधेयक सरकारले ल्याइसकेको छ ।

सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ वैशाख १९ गते जारी भएको थियो । अध्यादेशले २०८२ चैत १२ अघि नियुक्त भएका एक हजार ५९४ जना पदाधिकारी एकै पटक पदमुक्त गरेको थियो । साथै पदावधि, सिफारिस संरचना, प्रतिनिधित्वलगायतका धेरै व्यवस्था एकै पटक संशोधन भएका थिए ।

अध्यादेश जारी भएपछिको सङ्घीय संसद्को अधिवेशनको पहिलो बैठकमा वैशाख २८ गते अध्यादेश पेस भएका थिए । अध्यादेश पेसपछि नेपालको संविधानको धारा ११४ को व्यवस्था अनुसार ६० दिनभित्र प्रतिस्थापनको प्रक्रिया पूरा गर्नुपर्नेमा विधेयक सर कारले नल्याएपछि अध्यादेश निष्क्रिय भएको थियो । असार २६ गते अध्यादे श निष्क्रिय भएसँगै संशोधन भएका सांविकका ऐन व्यवस्थासमेत शून्यमा पुगेका थिए । सरकारले अध्यादेश निष्क्रिय भएको मितिबाट अध्यादेश जारी हुनुअघि कायम रहेको सांविकको व्यवस्था पुन: कायम गर्न विधेयक ल्याएको हो ।

सरकारले नेपाल वायुसेवा निगम ऐ न, राष्ट्रिय समाचार समिति ऐन, गोर खापत्र संस्थान ऐन, सञ्चार संस्थान ऐन, गुठी संस्थान ऐन, नेपाल विद्युत् प्राधिकरण ऐनलगायतका सार्वजनिक सङ्गठित संस्थाका सांविकका व्यवस्था जगाउन विधेयक ल्याएको हो । सर कारको प्रस्ताव अनुसार विधेयक पारित भएमा यसअघि संशोधन भएका ऐनका सांविककै व्यवस्था पुनर्स्थापित हुने छन् ।

भिरबाट खसेको ....

सोही घटनामा चन्द्ररुप के.सी.को ढाडमा चोट लागेको छ र उनी घाइते भएका छन्। घटनाको जानकारी प्राप्त हुनासाथ अस्थायी विमानस्थल सुरक्षा गार्ड पहाडाबाट प्रहरी सहायक निरी क्षकको कमाण्डमा ४ जना र जि ल्ला प्रहरी कार्यालय डोल्पाबाट प्रहरी निरीक्षक पदम रावलको कमाण्डमा ७ जनाको प्रहरी टोली खटिएको र घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय डो ल्पाले जानकारी दिएको छ ।

यस अघि पहिरोले त्रिपुरासुन्दरी नगर पालिका ५ ल्हाँमा पचास भन्दा बढि भेडाबाखा मरेका थिए । बाढि पहिरो र ढुँगा खसेर डोल्पामा विभिन्न समयमा क्षति गर्ने गरेको छ ।

मन्दिरको भेटी ....

लिएर घटनाको थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यसअघि असोज ६ गते सोही वडाका ३७ वर्षीय जयानन्द उपाध्याय पक्राउ परेका थिए । उनलाई जिल्ला अदा लत डोल्पामा पेस गरी सात दिनको म्याद थप लिएर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

यससँगै मन्दिरको भेटी चोरी प्रकरणमा पक्राउ पर्नेको संख्या पाँच पुगेको छ । घटनाको अनुसन्धान चलिरहेकै बेला हराएको भनिएको रकम फरक फरक ठाउँबाट दुईपटक भेटिएपछि प्रकरण थप रहस्यमय बनेको हो ।

असोज ३ गते शनिबार मन्दिरको मुख्य पूजास्थलमा राखिएको ५५ हजार ८० रुपैयाँ नगद चोरी भएको घटना सार्वजनिक भएको थियो ।

त्यसको केही दिनपछि सोमबार साँझ मन्दिरको पश्चिमतर्फ रहेको टिमुरको रूखमा ५५ हजार ८० रुपैयाँ फेला परेको थियो । खोजतलासका क्रममा रकम भेटिएको भन्दै श्री बाला त्रिपुरा सुन्दरी शुशंकादरी योगिनी उद्यान पीठले विज्ञप्तिमार्फत जानकारी गराए को थियो ।

यस पछि पनि थप ४ जना पक्राउ परेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेको संख्या ९ पुगेको छ ।

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आइवहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: सन्देश बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

सत्य र भ्रमको द्धन्द्ध

सत्य र भ्रमको जुहारी चल्दै आएको छ, भ्रमले साथ पाइरहेको वर्तमान अवस्थामा सत्य र भ्रमका बिचमा के फरक छ ? भन्ने विषयमा हाम्रो ध्यान गईरहेको छ । हामीले व्यापक चर्चा सुनि रहेका छौं की यो र उ एआईले बनाएको यो यथार्थ के भनेको हो बुझ्न गारहो भैरहेको छ । सधै सत्य तथा यथार्थ मात्र बुझि रहेका सर्वसाधारणहरुका लागि भ्रम भन्ने हुँदैन भन्ने लाग्छ । किनकी उनिहरु जे देख्यो त्यो साँच्चै हो भन्ने सोच्छन् । उनीहरुलाई बनिबनाउ तथा कृर्तिम बुद्धिमत्ता प्रयोग गरेर बनाइएका तस्विर(फोटो) भन्ने थाहा नै हुँदैन किनभने सधै क्यामेरा ले खिचेको फोटो नै हो भन्ने ठान्ने हाम्रो सर्वसाधारणहरुको सोचाई रहेको छ । सर्वसाधारणहरुमो जुन छाप परेको छ त्यो सत्यको छाप हो तर के गर्नु कृर्तिम बुद्धिमत्ता प्रयोग गरेर समाजलाई एक समूहले मुर्ख बनाई रहेको एकरत्ति पनि थाहा छैन । त्यही भएर समाजमा त्यो कृर्तिम बुद्धिमत्ता प्रयोग गरेर बनावटी तथा पछि बनाइएका नक्कली सामानले सक्कलीको बिल्ला पाइरहेका छन् किनकी बनाइएका चिज वा कुनै कुरा चिटिक्क सुन्दर देखिन्छन् त्यही नक्कली सुन्दरता देखेर हाम्रो नक्कली नै छैन सबै सक्कली हो भनेर बिश्वास गर्ने समाजले नक्कली हो भनेर कसैले भन्यो भने पनि बिश्वास गर्दैन अनि भ्रममा पर्छ ।

हो समाजमा त्यही भ्रमले खेति गरिरहेको एक जमात हुन्छ । त्यो जमातले त्यही भ्रमको साहारा लिएर समाजमा अनेक थरि हौवा फै लाएर आफूलाई फाइदा हुने गरी खेति गरिरहेको हुन्छ । त्यो भ्रमको खेतिमा लागेको मानिस कुनै पार्टी विशेष, व्यक्ति विशेष, सिद्धान्त विशे ष, समाज र समाज विशेषको हुँदैन उ आफूलाई फाइदा जहाँ हुन्छ त्यहाँ पुग्न हिचकिचाउदैन । उसले कृर्तिम बुद्धिमत्ता प्रयोग गरेर नभए कोलाई आफ्नै आँखा अगाडि भएको जस्तो गरी त्यो कुनै घट्नाको प्रचार र व्याख्या गरिदिन्छ अनि हाम्रो कृर्तिम बुद्धिमत्ताको जानकारी नै नपाएको समाज त्यही भ्रम तथा बनिबनाउ भनाईमा लागेर सत्यको विरुद्ध उभिन पुग्छ त्यसले सत्य के हो थाहा लाग्न केही समय लाग्छ त्यतिन्जेल सत्यको धज्जी उडिसकेको हुन्छ । कैयौ टाढा टाढासम्म भ्रम फैलिई सकेको हुन्छ । सत्यलाई सफाई दिँदा, दिँदा हैरान हुन्छ । यसरी भ्रमले सत्यलाई सताई रहन्छ ।

हाम्रो समाज सत्य खोज्न भन्दा जो बाहिर आयो त्यहीलाई सत्य मानेर ह्वीम फैलाउन उद्धत हुने गर्दछ । त्यसैलाई अहिलेको जमाना तथा सामाजिक सञ्जालमा अल्गोरिदम भन्ने गरेको पाइन्छ । यही अल्गो रिदम प्रयोग भएकै कारण जुन ठाँउमा बसेकाहरुलाई केही थाहै नभएका कुरा विश्वभरी फैलिएर यो र त्यो ठिक बेठिक भनेर विश्व विभाजन भैसकेको पाइन्छ । त्यसैले भ्रम हो या सत्य हो यकिन गरेर पक्ष लिनु ठिक हुन्छ, यो नछुट्टाइकन हो म है थप्यो भने कृर्तिम बुद्धिमत्ता मा भ्रम जोडिएर झन झन गलतले प्रोत्साहन र सत्यले सजाय पाउने वातावरण बन्न सक्छ । त्यस कारण हामी हाम्रा पाठक वर्गमा हार्दिक आनुरोध गर्दछौ सत्य, सत्य नै हो, भ्रमको खेति दिगो हुन सक्दैन त्यस कारण सत्यको पक्षमा सतिसाल भएर उभिनुहोस्, राष्ट्र र राष्ट्रियताको पक्षमा पहाड बनेर उभिनुहोस् । जय होस ।

भनिदेऊ म जीवित छु

दीर्घराज उपाध्याय
रातोपाटीबाट

..... केही दिन त कुर,
देश किरियामा छ।
बहिनीले दाइको खोजी गरिरहेकी छ,
छोराको सकुशल उद्धारका लागि
आमाले गुहार मागिरहेकी छन्।

शासन गर्न
जनता र देश बाँच्नु पर्ला।
ए नेताहरू,
तिमीहरूलाई कति पदकै चिन्ता?

पर्ख, केही दिन पर्ख।
बर्खीसम्म पर्खिन नसके पनि
किरियासम्म पर्ख।

भोटेकोशीले बस्तीमा पसेर
बगर छोडेपछि
अनिदो,
थकित,
भोको
कुकुरले त मालिक खोजिरहेको छ।

जनता,
जसलाई तिमी मालिक भन्थ्यौ,
उसकै अस्तित्व संकटमा परेको समय
तिमीभित्रको मान्छे
किन बौलायौ भोटेकोशीझैं,
जसले
केही चिनेन,
कोही चिनेन?

दिएर
असह्य पीडा,
नथामिने आँसु,
लुट्नु लुट्यौ,
टुट्नु टुटायौ-
प्रियजनहरू,
खुशी,
सपना
र संसार।

भगवान,
जे जति खोस्यौ, खोस्यौ।
अब देऊ
सहने सामर्थ्य।

फर्काईदेऊ सुरुडमा भएकाहरूलाई
सकुशल
सम्पर्कमा ल्याइदेऊ
डाँडाकाँडा र खोंचमा हराएका
प्रियजनहरूलाई।

बजाइदेऊ घण्टी।
मोबाइल हेरेर बसेकी छन्, बुढी आमा।
निदाउन बिर्सिएकी पत्नी।
बाटो कुरिरहेकी छोरी।
बेचैनीमा अनिदो रात काटेका
बुवा।

एसएमएस भए पनि पठाइदेऊ झट्टै,
भनिदेऊ-
“नेटवर्क थिएन,
पीर नगर्नु,
म जीवितै छु।” .....

खेलकुद

अफगानिस्तान विरुद्ध नेपालको जीत

सुस्केरा समाचारदाता

डोल्पा, असोज । आइची-नागोया एसियाली खेलकुद २०२६ मा नेपालीका लागि सर्वाधिक चासोको खेल रहेको क्रिकेटमा नेपालले विजयी सुरुआत गरेको छ ।

नागोया स्थित कोरोबी एथलेटिक पार्कमा नेपालले शुक्रबार अफगानिस्तानलाई पाँच विकेटले हरायो ।

नेपालका लेफ्ट आर्म स्पीनर ललित राजवंशीले सुरुमै तिन र त्यसपछि कामचलाउ बलर कुशल भुर्तेलले चार विकेट लिएपछि अफगानिस्तानले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १०२ रनको सामान्य स्कोर बनाएको थियो । नेपालले १६ बल बाँकी छँदै पाँच विकेटको क्षतिमा १०३ रन बनाएर लक्ष्य प्राप्त गऱ्यो ।

नेपालले १२ वर्षपछि अफगानिस्तानलाई हराएको हो । सन् २०१४ मा बङ्गलादेशमा भएको टि२० विश्वकपमा अफगानिस्तानलाई नौ रनले हराएको लामो समयपछि नेपालले पुनः सो टिमविरुद्ध यो वर्ष जित प्राप्त गरेको हो ।

अब समूह एमा रहेको नेपालले शनिबार आयोजक जापानसँग खेल्नेछ । सो खेल जितेमा नेपाल समूह विजेता बनेर अगाडि बढ्नेछ । दुई समूहबाट शीर्ष दुई स्थानमा रहने टिम क्वाटर फाइनलमा पुग्ने प्रावधान रहेको छ । समूह बीमा मलेसिया, हङकङ र ओमान रहेका छन् । गत विजेता भारत, पाकिस्तान, श्रीलङ्का र बङ्गलादेशले सीधै अन्तिम आठमा खेल्नेछन् ।

नेपालका लाग वन डाउन ब्याट्सम्यान सन्दीप जोरालै ३५ बलमा ३४ र रो

संस्कृति, कला, बाल संशार



डोल्पामा प्रसिद्ध देवि देवताको नाचको रौनक ।

क्लाइमेट रेजिलियन्स मेकानिजम

सुस्केरा समाचारदाता

काठमाडौं, असोज । सम्माननिय प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिजम' स्थापनाको प्रस्ताव गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभालाई शुक्रबार सम्बोधन गर्दै उहाँले हिन्दुकुश हिमालय क्षेत्र करिब दुई अर्ब मानिसको पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जनसँग जोडिएको उल्लेख गर्दै हिमालय क्षेत्र पृथ्वीको जीवन प्रणालीको महत्वपूर्ण हिस्सा भएको बताउनुभयो ।

प्रस्तावित संयन्त्रमार्फत स्याटेलाइट तथ्याङ्क र विशेषज्ञता आदानप्रदान गर्ने, जोखिमयुक्त हिमतालको निगरानी गर्ने, संयुक्त पूर्वसूचना प्रणाली बलियो बनाउने तथा विपद्का समयमा सीमा पार सहायता समन्वय गरिने उहाँको भनाइ छ ।

प्रधानमन्त्री शाहले हिमालयलाई खण्डित सूचनाको सीमारेखा नभई अन्तरराष्ट्रिय सहकार्यको प्रयोगशाला बनाउनुपर्नेमा जोड दिनुभयो । नेपालले आफ्नो पारिस्थितिक योगदान भन्दा बढी विश्वव्यापी भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै उहाँले नेपालको भूभागको करिब आधा क्षेत्रमा वन पुनःस्थापना भएको जानकारी गराउनुभयो ।

स्वच्छ ऊर्जाको आवश्यकता पूरा गर्न जलविद्युत् विकास अघि बढिरहेको, विद्युतीय सवारीको प्रयोग बढिरहेको र स्थानीय तहमा जलवायु अनुकूलनलाई बलियो बनाइरहेको प्रधानमन्त्रीले बताउनुभयो । प्रधानमन्त्री शाहले बढ्दो विपद्सँग जुध्न नेपालले अझ धेरै तयारी गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री शाहले एक महिना अघि नेपालको हिमाली क्षेत्रमा आएको बाढीको विपद् नेपालमा मात्र सीमित त्रासदी नभई विश्वका लागि चेतावनी

योगले बनाउँछ निरोग

- श्रीमन नारायण

..... केन्द्र बेग्लाबेग्लै दिशामा काम गरिरहेका हुन्छन् तर योग तीन वटैलाई प्राप्त भइरहेको हुन्छ । यो गमा मनलाई प्राण (श्वास) सित सामन्जस्य स्थापित गरिन्छ । यसको परिणामस्वरूप व्यक्ति न केवल शारीरिक, मानसिक एवं आत्मिक रूपमा बढी प्रबल हुन जान्छन्, अपितु तिनको शारीरिक स्वास्थ्यमा पनि वृद्धि हुने गर्छ । जब व्यक्ति यी तीन वटै माथि नियन्त्रण स्थापित गरी यीमध्ये कुनै पनि काममा आफूलाई लगाउने गर्छ अनि कार्यको गुणस्तर तथा सङ्ख्याको दृष्टिमा पनि कैयौं गुणा वृद्धि हुन जान्छ । यो नै सूर्यको ऊर्जा एवं योगको पद्धति सँगको सम्बन्ध पनि हो । आममान्यता यही रहिआएको छ कि महर्षि पतञ्जलीले नै आधुनिक योगको आधार खडा गरेका थिए तर बृहतारण्यक उपनिषद्मा पनि श्वासमाथि नियन्त्रण गर्ने विषयमा विस्तार पूर्वक वर्णन गरिएको पाइन्छ । हाम्रा पुर्खाहरूले अशान्त मनलाई शान्त पार्नका निम्ति यस पद्धतिको आविष्कार गरेका थिए । वर्तमान अवस्थामा विश्वका चिकित्साशास्त्री वर्तमानको जीवनशैलीलाई प्रत्येक रोगको कारण मानेका छन् तर यसको सरल समाधान भनेको योग नै हो । यो गले विश्वव्यापी मान्यता प्राप्त गरेको छ । योग हाम्रो धरोहर हो र यसमाथि हामीले गर्व गर्न सक्नु पर्छ ।

बेरोजगार युवाका निम्ति यो एउटा नयाँ अवसर पनि साबित हुन सक्छ । कठिन परिश्रम गरेर विदेशमा के ही सीमित पैसा कमाउनुभन्दा मान सम्मानसहित काम पाउने गरी काम गर्नुमा के को लाज र सङ्कोच ? योगलाई अन्य धर्मावलम्बीले आत्मसात् गरी यसबाट लाभ उठाउन सक्छन् । भाषा, बोली, पहिरन, पानी, जमिन तथा जीवनको कुनै धर्म हुँदैन । ११ डिसेम्बर २०१४ मा संयुक्त राष्ट्रसङ्घको महासभाले आफ्नो प्रस्तावमा भनेको छ, 'योग मानव स्वास्थ्य एवं स्वस्थ जीवनशैलीको बारेमा समग्र दृष्टिकोण व्यक्त गर्छ । यसबाट हुने लाभको प्रसार विश्वको जनसङ्ख्याका निम्ति कल्याणकारी साबित हुने छ ।' संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव वान की मुनले पनि योग विचार तथा कर्मको अदभूत सामञ्जस्य भएको तथा स्वास्थ्यका लागि आवश्यक भएको बताउनुभएको थियो । योगबाट शान्ति एवं विकासमा योगदान मिल्छ । यसले मानिसलाई तनावमुक्त गर्छ । उहाँले सबै सदस्य देशसँग योगको प्रोत्साहनका लागि सहयोग गर्न अनुरोध पनि गर्नुभएको थियो ।

विश्वका अनेकौं देश तथा विश्वविद्यालयमा अनुसन्धानमार्फत यो सिद्धान्त प्रतिपादित गरिएको छ कि योग शारीरिक स्वास्थ्य, मानसिक तनाव बाट बचाउ गर्नुका साथै मानसिक शान्ति प्रदान गर्नमा पनि सक्षम छ । विश्वप्रसिद्ध उमेरिकी वोस्टन विश्वविद्यालयको स्कुल अफ मेडिसिनद्वारा मई २०१२ मा प्रकाशित मेडिकल हाइपोथिसिस जर्नलमा यो प्रतिपादित गरिएको थियो कि पुरानो रोग तथा दुर्घटनापश्चात् सामान्य हुने तनाव मुक्तिका निम्ति योग निकै प्रभावशाली साबित हुन सक्छ । किनभने योग 'सेंटुल नर्भस सिस्टम' को आधार मानिएको तन्तीका भेगर्स नर्वलाई प्रचुर मात्रा ऊर्जा प्रदान गर्छ । त्यसै गरी हार्वर्ड विश्वविद्यालयको एक अनुसन्धानले पनि योगलाई यस्ता स्वास्थ्यजन्य रोगको समाधानमा सर्वाधिक सक्षम मानेको छ । ... (गोप)

सामान्य ज्ञान २

१. एसिसी मेन्स प्रिमियर कप-२०२६ को उपाधि विजेता राष्ट्र कुन हो ?

☐ नेपाल (उपविजेता : संयुक्त अरब इमिरेट्स-युएई)

- नेपालले एसिसी प्रिमियर कपको फाइनलमा युएईलाई ४४ रनले हराउँदै एसिया कपका लागि छनोट भएको ।
- मलेसियाको वायुमास ओभलमा नेपालले ५० ओभरमा नौ विकेट गुमाएर ३१३ रन बनाएको; जसमा आसिफ शेखले १०२ रन बनाएका ।
- युएई ४९.२ ओभरमा २६९ रनमा अलआउट भएको ।
- संस्करण : तेस्रो
- आयोजक राष्ट्र : मलेसिया
- सञ्चालन मिति : २०२६ अगस्त ३०- सेप्टेम्बर १२
- आयोजक निकाय : एसियाली क्रिकेट काउन्सिल
- खेल प्रारूप : ओडिआई (५० ओभर)
- सहभागी टिम सङ्ख्या : १०
- कुल खेल सङ्ख्या : २४
- 'प्लेयर अफ दी सिरिज' : सन्दीप लामिछाने (नेपाल)
- सर्वाधिक रनकर्ता : वीरनदीप सिंह (मलेसिया)- २७३ रन
- सर्वाधिक विकेटकर्ता : सन्दीप लामिछाने (नेपाल) - १७ विकेट

३. लोक सेवा आयोगको ६७ औं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८२/८३) अनुसार सर्वाधिक दरखास्त परेका प्रमुख पाँच जिल्ला कुन कुन हुन् ?

☐ क्रमशः सर्लाही, धनुषा, बारा, महोत्तरी र सप्तरी

समावेशी समाजको निर्माण

- बालकुमारी कार्की

परम्परागत रूपमा नेपाली समाज पुरुषप्रधान भएकाले छोरी अर्थात् महिलाप्रति हेर्ने दृष्टिकोण कमजोर देखिन्छ । पुरुषका हातमा सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक शक्ति हुन्छ तर महिला शक्ति र अधिकारबाट वञ्चित भएका हुन्छन् । फलस्वरूप नारीहरू पुरुषको इच्छा र चाहना अनुसार दबिएका हुन्छन् अनि शोषित हुन्छन् । महिला दमन र शोषण विश्व व्यापी समस्या हो । त्यसैले महिला सशक्तीकरण र समावेशीकरणमार्फत नारीलाई स्रोतसाधन, अधिकार, कर्तव्य, जिम्मेवारी, दायित्वमा पहुँच वृद्धि गरी नारीलाई सशक्त, सबल, सक्षम र सुदृढ पार्ने कार्य बढाउनु आवश्यक छ । पितृसत्तात्मक व्यवस्थामा छोरा को चाहना बढी हुन्छ र छोराछोरीको बिचमा असमान व्यवहार गरिएको पाइन्छ ।

महिला सशक्तीकरणमार्फत घरजग्गा, बैङ्क ब्यालेन्स, सवारीसाधन, उद्योग व्यापार, चल अचल सम्पत्ति महिलाको नाममा रही महिला स्वचालित, स्वनिर्भर, स्वावलम्बी बन्नु आवश्यक छ । सशक्तीकरणले नै कार्यक्षमता र कार्यशैलीमा वृद्धि हुने र स्रोतसाधनमा पहुँच बढ्ने हुन्छ । महिलाले रातदिन परिश्रम गरे पनि उनीहरू सधैं आम्दानीको स्रोत र कामको इज्जतबाट वञ्चित भएका छन् । हाम्रो समाजले छोरीलाई अर्काको घर जाने जात र छोरालाई वंश पर म्परा धान्ने सन्तानका रूपमा हेर्ने गरे को छ । बालबच्चा हुर्काउने घरधन्दा को काम र आयआर्जन नहुने काम महिलाले गर्नुपर्ने, पुरुषहरू झन्झटि लो कामबाट पन्छिएर बाहिरका आयआर्जन, पहुँच वृद्धि हुने काममा संलग्न देखिन्छ । विभिन्न किसिमका सामाजिक विभेद, रूढि, अन्धविश्वास, दाइजो प्रथा, छाउपडी, बहुविवाह, बालविवाह जस्ता सामाजिक कुरीति यथावत् रहेसम्म नेपाली समाजको उन्नति हुन सक्दैन ।

महिला सशक्त भएमा उनीहरूले सामाजिक कुरीति, अन्धविश्वास, रूढि संस्कारविरुद्ध आवाज उठाउनुका साथै पुरुषलाई सहयोग, समर्थन र सहकार्य गरेर अघि बढ्न सक्छन् । सामाजिक विभेद, कुरीति, कुसंस्कार चेलीबेटी बे चबिखन, वेश्यावृत्ति जस्ता समस्या र अरू सामाजिक आपराधिक क्रियाकला प हटाउन महिला पुरुष दुवै शिक्षित, सबल, सक्षम र सशक्त हुनु अत्यन्त जरुरी छ ।

महिला र बालबालिकाले मानव अधिकार अनुरूप स्वतन्त्रपूर्वक जीवन व्यतीत गर्ने कुरामा लिङ्ग, जातजा ति, उमेर, भाषा, संस्कृति, परम्परा तथा धर्मका आधारमा विभेद गर्न दिइनु हुँदैन । महिलालाई पुरुष सरहको स्थितिमा पुऱ्याउन संरक्षण, तालिम, सशक्तीकरण, विशेष प्याकेज कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था हुनु पर्छ । लैङ्गिक समानताले सामाजिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा महिला र पुरुषको समान पहुँच वृद्धि गर्छ । सामाजिक सांस्कृतिकलगायत अन्य क्षेत्रमा महिला र पुरुषबिच रहे का विभेद र असमानताको अन्त्य गर्नु, त्यस्तो अवस्था सिर्जना हुन नदिनु लै ङ्गिक समानता हो । जाति, धर्म, पेसा, भाषा, सांस्कृतिक, राजनीतिकवर्णका आधारमा समान व्यवहार वा महिला र पुरुषबिचको समान अधिकारले महिला समानतामा वृद्धि गर्छ । लै ङ्गिक समतालेलैङ्गिक समानता कायम गर्न मद्दत पुऱ्याउने हुँदा महिला सशक्तीकरणमा यसको ज्यादै ठुलो महत्व छ ।

समाजमा महिला सशक्त हुन लै ङ्गिक भेदभाव हटेर जानु पर्छ । भे दभावले पुरुष र महिलाबिच गरिने फरक फरक व्यवहारलाई बुझाउँछ । समाज पितृसत्तात्मक मूल्यमान्यतामा आधारित रहेसम्म महिलाविरुद्ध गरिने भेदभाव नहटेसम्म महिला सशक्त हुन सक्दैनन् । महिला वा पुरुषमध्ये कुनै एकलाई सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक पक्षमा संलग्न हुन प्रोत्साहित गर्नु, समर्थन गर्नु, सहयो ग गर्नु र अर्कोलाई निरुत्साहित गर्नु, अस्वीकार गर्नुलाई लैङ्गिक भेदभाव भनिन्छ । महिलाउपर हुने सबै प्रकार का भेदभाव निर्मूलसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सन्धिपत्रलाई नेपालले सन् १९९१ अप्रिल २२ गते अनुमोदन गऱ्यो । महिलाविरुद्ध हुने महत्वपूर्ण उपलब्धिमूलक महासन्धि हो ।

यसमा मानव बेचबिखन तथा वे श्यावृत्तिका लागि गरिने यौनशो षणविरुद्धको अधिकार, सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार, राष्ट्रियता र शिक्षासम्बन्धी अधिकार, रोजगारसम्बन्धी अधिकार, स्वास्थ्यसम्बन्धी अधिकार, आर्थिक तथा पारिवारिक लाभको अधिकार ग्रामीण महिलालाई विशेष अधिकार, कानुनी समानताको अवसर, विवाह तथा परिवारको अधिकार आदि विषय यस अन्तर्गत पर्छन् । माथिका विभिन्न पक्ष अन्तर्गत रोजगारी, ज्याला, भूमिमाथि स्वामित्व, स्रोतसाधनमाथि पहुँच र नियन्त्रण, रोजगारीको किसिम, आयआर्जनका असमानता हटेर जानु आवश्यक छ । नेपालको संविधानले मौलिक हकमा लैङ्गिक समावेशितालाई विशेष महत्व दिएको छ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी गराउने र लैङ्गिक भेदभाव गर्न नपाइने व्यवस्था छ । समानताको हक अनुसार सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् । कसै लाई पनि कानुनको समान संरक्षण बाट वञ्चित गरिने छैन । सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरि कमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, उत्पत्ति, भावना, वैचारिक आस्था वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव गरिने छैन । पैतृक (बुवाआमाको) सम्पत्तिमा छोराछोरीको बराबर हक लाग्ने व्यवस्था छ । उच्च शिक्षाका लागि कानुनबमोजिम छात्रवृत्ति दिइने आदि कुरा महिला समावेशीकरणका लागि भएका प्रयास हुन् ।

त्यस्तै बेइजिङ घोषणापत्रले निर्धारण गरेका महिला सरोकारका क्षे त्र महिलाका मानवीय अधिकार, महिला र गरिबी, महिलाको शिक्षा दीक्षा, महिला र स्वास्थ्य, महिलामा थिको हिंसा, महिला र सशस्त्र सङ्घर्ष, महिला र सञ्चारका माध्यम, महिला र वातावरण, बालिका आदि विषयको बहस लैङ्गिक समावेशीकरणका लागि भएका प्रयास हुन् । यसले समाजका महिला र पुरुषबिचको असमानता, विभेद, दमन, शोषण, उत्पीडन अन्त्य गरी महिला र पुरुषको स्वतन्त्र, समन्व यी, प्रतिस्पर्धी, उपयोगी, स्वावलम्बी हितकारी कार्य गर्न सहयोग पुऱ्याउँछ नेपालको सन्दर्भमा संविधानको प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गने उल्लेख गरिएको छ । आर्थिक समान ता, समृद्धि, सामाजिक न्याय सुनिश्चि त गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधार मा समतामूलक समाज निर्माणको कुरा समेटिएको छ । शान्ति, समृद्धि, विकास र सुशासनको आकाङ्क्षा पूरा गर्न आर्थिक सामाजिक, न्यायिक एवं राजनीतिक गतिविधिलाई .....

बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

माइग्रेसन हराएको सूचना

ठुलीभेरी नगरपालिका वडा नं. ११ कागनी रह घर भएका बाबु दल बहादुर कार्की र आमा सति कार्कीको छोरा म धनपति कार्की मिति २०८३/०५/१५ गते घरबाट डोल्पाको सदरमुकाम दुनै आउने क्रममा बाटोमा कक्षा १२ पासको मेरो आफ्नै ओर्जिनल माइग्रेशन प्रमाणपत्र हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी, जिल्ला प्रहरी कार्यालय डोल्पा तथा तपशीलको नाम ठेगाना र मो. नं. मा सम्पर्क गरी बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

तपशील

नामः धनपति कार्की

ठेगानाः ठुलीभेरी नगरपालिका ११ कागनी, डोल्पा

मोवाइल नं. ९८६५५४१५३९

मौसम सम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।

- मौसम तथा जलवायु सम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरुपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपनमा सक्रिय सहभागिता जनाऔं,
- उर्जा बचत र स्वच्छ उर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

अर्थतन्त्रका ब्याजदर प्रभाव

- दुर्गा कँडेल (छत्कुली)

अर्थतन्त्रको मेरुदण्डका रूपमा वित्तीय प्रणालीलाई लिइन्छ । उक्त प्रणालीभित्रका अभिन्न अङ्गमध्ये बैङ्क तथा वित्तीय संस्थाले सर्वसाधारणमा रहेको बचत रकमलाई निक्षेपका रूपमा स्वीकार गरी लगानीयोग्य कोषको व्यवस्था गर्छन् । सङ्कलित स्रोतलाई लगानीका लागि आवश्यक पर्ने वर्गसम्म पुऱ्याउने काम गर्छन् । यसलाई कर्जा लगानी भन्ने गरिन्छ । कम ब्याजदरमा निक्षेप सङ्कलन गरी बढी ब्याजदरमा लगानी गरी ब्याजदर बिचको फरक रकमले बैङ्क तथा वित्तीय संस्थाले कार्यालय सञ्चालन खर्च, कर्मचारी खर्च, लगानीकर्तालाई लाभांश, कर्मचारीलाई बोनस, सरकार लाई राजस्वका रूपमा कर र सरोकार वालालाई सामाजिक उत्तरदायित्वको जिम्मेवारीसमेत वहन गर्ने गर्छन् । बैङ्क तथा वित्तीय संस्थाको कारोबारमा निक्षेपमा होस् वा कर्जामा; ब्याजदरको भूमिका महत्वपूर्ण हुन्छ ।

बैङ्क तथा वित्तीय संस्थाले प्रयोग गर्ने मुख्य औजार भनेका निक्षेप र लगानी हुन् । निक्षेप र लगानीको वृद्धिदर हेर्ने हो भने कुनै समय निक्षेप वृद्धिभन्दा लगानी अधिक भएको अवस्था पनि तथ्याङ्कले देखाउँछ । वित्तीय क्षेत्रको लगानी अनुत्पादक क्षेत्रमा हुँदै आयो । अनुत्पादक क्षेत्रमा लगानी बढिरहँदा त्यसको सकारात्मक प्रभाव अर्थतन्त्रमा पर्दैन । करिब डेढ दशकको अवधिमा विभिन्न किसिमका आरोहअवरोह बेहोर्नु परेको अवस्थाले पनि वित्तीय प्रणालीमा अपेक्षा गरे अनुरूपको नतिजा आउन नसकेको हो कि भनेर विश्लेषकहरूले बेला बेला औंल्याउने गरेका छन् । अध्ययनको यो समयभन्दा अघि पनि अर्थतन्त्र त्यति अनुकूल बन्न सकेन । भर्खरै मात्र देशमा आएको हिमवाढीको महाप्रलयले आकलन गर्नै नसकिने क्षतिको सामना गर्नु परेको छ । यसले देशको आर्थिक अवस्था पनि कुन तहसम्म जाने हो भन्ने अनुमान गर्न सकिने अवस्था छैन ।

ब्याजदरमा उतारचढाव

करिब डेढ दशकको अवधिलाई अध्ययन र विश्लेषण गर्ने हो भने बैङ्क तथा वित्तीय संस्थाको ब्याजदरमा छोटो समयमा उतारचढाव हुने गरेको स्पष्ट देख्न सकिन्छ । ब्याजदरका आधारमा हुने उतारचढावले अर्थतन्त्र कत्तिको स्थिर छ भन्ने कुरासमेत मापन गर्न सकिन्छ । ब्याजदरको उतारचढावले वित्तीय प्रणाली सकारात्मक छैन भन्ने कुरा प्रस्ट पार्छ । ब्याज दरको सर्वमान्य सिद्धान्तलाई मनन गर्ने हो भने निक्षेपको ब्याजदर बढ्दा कर्जाको ब्याजदर पनि बढ्नु स्वाभाविक हो । निक्षेपको ब्याजदर घट्दा कर्जाको ब्याजदर घट्नु पनि उस्तै हो भन्न सकिन्छ तर विषय यो के हो भने तरलतामा सङ्कुचन हुँदा निक्षेपको ब्याजदर बढ्छ र स्वाभाविक रूपमा कर्जाको ब्याजदर पनि बढ्ने नै भयो । आजको समयमा कतिपय बैङ्क तथा वित्तीय संस्थाले निक्षेपलाई अस्वीकार गरेकोसमेत यदाकदा सुन्न पाइन्छ । न्यून ब्याजदरमा कर्जाको माग बढेर लगानी बढ्नुपर्ने, उत्पादन बढ्नुपर्ने, रोजगारी बढ्नुपर्ने, सँगसँगै त्यसको प्रभाव आर्थिक वृद्धिमा सकारात्मक हुनुपर्नेमा यी सबै अवयव सुस्ताएको अवस्था अहिलेको अर्थप्रणालीमा देखिन्छ । यो भनेको अर्थतन्त्रका लागि राम्रो पक्ष मानिँदैन ।

तरल सम्पत्तिमा नकारात्मक प्रभाव

बैङ्क तथा वित्तीय संस्थाको निक्षेप र कर्जाको अनुपात न्यून अवस्थामा पुगेको छ र कर्जाको मागमा कमी भई कर्जा लगानीमा न्यून वृद्धि हुनुले 'लिक्विड्स एसेट्स' को पर्याप्तता अधिक रहन गएको छ भने बैङ्क तथा वित्तीय संस्थाको फन्डको लागतमा वृद्धि हुन्छ । अर्कातिर नाफामा नकारात्मक असर पर्छ । आर्थिक वर्ष २०७७/७८ मा कर्जाको वृद्धिदर करिब २७ प्रतिशतसम्म पुगेको अवस्थाले त्यसपछिका वर्षमा भने न्यून हुने क्रम सुरु भयो । पछिल्लो आव २०८२/८३ को लगानीलाई हेर्ने हो भने एकल अङ्कमा सीमित हुन पुगेको अवस्था छ । तरल सम्पत्तिको अवस्था हेर्ने हो भने दुई दशकयताकै उच्च दरमा रहेको तथ्याङ्कबाट देखिन्छ । यसै गरी चालु आवको अवस्था नियाल्ने हो भने आवको सुरुमा जुन किसिमको प्राकृतिक प्रकोपको समस्या देशले बेहोर्नु परेको छ, यसको प्रभाव कति गहिरो र कति लामो जाने हो भन्ने कुरा आकलन गर्न सक्ने अवस्था देखिएको छैन । फलतः यो वर्ष आर्थिक रूपमा त्यति सबल हुने आशा गर्न सकिँदैन ।

कर्जा र निक्षेपको अवस्था

कर्जा र निक्षेपको वृद्धि हेर्ने हो भने दुवै बढेको देखिन्छ । निक्षेप तथा कर्जा वृद्धि हुँदै जानु अर्थतन्त्रका लागि राम्रो विषय हो । यसको वृद्धि समानान्तर रूपमा बढ्दै जानुले अर्थतन्त्र सकारात्मक भएको सङ्केत पनि हो । आव २०६८/६९ लाई हेर्ने हो भने निक्षेप र कर्जाबिचको फरक कम देखिन्छ । पछिल्ला वर्षमा कर्जाभन्दा निक्षेप बढी भए । यसले निक्षेप अत्यधिक रूपमा बढेको देखिन्छ । यसले के देखाउँछ भने निक्षेप सङ्कलन भएको तुलनामा कर्जा वृद्धि भइरहेको छैन । कर्जा वृद्धि नहुनु भनेको कर्जाको माग कम हुनु हो, लगानीको वातावरणमा कहींकतै समस्या छ भन्नु हो वा लगानीकर्तामा आफ्नो लगानीबाट आउने प्रतिफलमा सुनिश्चितता छैन कि भन्ने हो । यसले अर्थतन्त्रलाई कतै कमजोर बनाउने त होइन भन्ने प्रश्न उब्जिन्छ ।

निष्क्रिय कर्जा बढ्दै जाने जोखिम

ब्याजदरको उतारचढावले अर्थतन्त्र अस्थिरतातर्फ गएको सङ्केत गर्छ । एकातिर कर्जाको माग घटाउँछ भने अर्कातिर भइरहेको लगानीलाई पनि सकारात्मक हुन दिँदैन; जसको परिणाम लगानीकर्ताको व्यवसायमा प्रत्यक्ष असर पार्छ । आम्दानीका स्रोत कम हुँदै जान्छन् र कर्जा निष्क्रिय बन्दै जान्छ । विगत डेढ दशकयता उच्च निष्क्रिय कर्जा गत वर्ष भएको थियो । यसलाई उदाहरणका रूपमा लिन सकिन्छ । यो वर्ष निष्क्रिय कर्जा छ प्रतिशत रहन गयो । बैङ्क तथा वित्तीय संस्थाका कर्जा निष्क्रिय हुनुभनेको कर्जाको गुणस्तरमा समस्या छ भन्नु हो । यसले बैङ्क तथा वित्तीय संस्थालाई समस्यामा पार्न सक्छ ।

कर्जा तथा निक्षेपको जिडिपीसँगको सम्बन्ध

बैङ्क तथा वित्तीय संस्थाले गरेको लगानी उत्पादनशील क्षेत्रमा प्रयोग भई त्यसले अर्थतन्त्रका अन्य चरणहरूमा सकारात्मक प्रभाव पाने हो भने कर्जा कुल गार्हस्थ उत्पादन (जिडिपी) बिचको अन्तर धेरै हुनुपर्ने मा करिब पाँच वर्षयताको अवस्था हेर्ने हो भने करिब करिब कर्जा र जिडिपीको अनुपात उस्तै उस्तै देखिन गएको छ । विसं २०७९ मा कर्जासँग जिडिपीको अनुपातलाई हेर्ने हो भने करिब ९७ प्रतिशतसम्म रहेकोमा गत वर्ष कर्जामा न्यून वृद्धिका कारणले ९० प्रतिशतमा सिमित हुन पुगेको छ । यसै गरी सोही अवधिमा निक्षेपसँग जिडिपीको तुलना गर्ने हो भने करिब १०६ प्रतिशत रहेको देखिन्छ । आव २०७८/७९ मा निक्षेपसँग जिडिपीको अनुपात करिब नौ प्रतिशत फरक रहेकोमा आव २०८२/८३ को असार मसान्तमा आइपुग्दा निक्षेपसँग जिडिपीको अनुपात ३६ प्रतिशतको अन्तर देखिन आएको छ । यो अन्तर बढ्दै जानु भनेको अर्थतन्त्रका लागि सकारात्मक मानिँदैन ।

अस्थिर मुनाफा

बैङ्क तथा वित्तीय संस्थाको अवस्था सामान्य रहेको अवस्थामा नाफा/घाटामा स्थायित्व रहेको हुन्छ । सुस्ताएको अर्थतन्त्रमा बैङ्क तथा वित्तीय संस्थामा नाफा बढ्नु भनेको त्यो नाफा स्थायित्वको नाफा हुन सक्दैन । ब्याजदरमा हुने प्रभावले बैङ्क तथा वित्तीय संस्थाको नाफामा पनि प्रभाव नपर्ने कुरै भएन । वित्तीय संस्थाको नाफाको अवस्था हेर्ने हो भने नाफा भएको हो कि बनाएको हो भन्ने खालको जिज्ञासा पैदा हुने गरेको त थ्याङ्कले देखाउँछ । अधिक तरलताले ब्याज खर्च बढिरहेको छ । यस्तो अवस्थामा एकातिर लगानी सुस्त गतिमा भए पनि सामान्य वृद्धि भइरहेको छ र निष्क्रिय कर्जामा वृद्धि भएको छ । नाफामा यति धेरै तलमाथि हुनुले केही न केही प्रभाव पर्छ ..... (गोपबाट)

मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
- अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

कर्णालीको 'विकास ब्लुज'

- भोजराज पौडेल

कर्णालीलाई अभाव र दुर्गमताको पर्याय मात्र ठान्नु राज्यको दीर्घकालीन कमजोरी हो, किनकि यस प्रदेशसँग कृषि, पर्यटन, जडीबुटी, ऊर्जा, संस्कृति र स्थानीय उद्यममार्फत राष्ट्रिय अर्थतन्त्र बदल्ने पर्याप्त सम्भावना छ। उत्पादनले बजार नपाउने समस्या समाधान गर्न सडक, विद्युत्, डिजिटल पहुँच, भण्डारण, प्रशोधन र मूल्यवर्द्धनसहितको समन्वित नीति आवश्यक छ।

प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सरकारको परीक्षा कर्णालीका किसान, संकलक, युवा र सीमान्तकृत समुदायको जीवनमा देखिने वास्तविक सुधारबाट हुनेछ।

कर्णाली प्रदेशको सम्भावना र यहाँको गहिराइलाई बुझ्न नसकेर विगतका सरकारले गल्ती गरेको आरोप लगाउँदै सत्ताको यात्रा गरेका प्रधानमन्त्री वालेन्द्र शाह यसै साता संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन न्युयोर्क प्रस्थान गरेका छन्। महासभामा प्रधानमन्त्रीको सम्बोधनको एउटा प्रमुख पाटो नेपालमा रहेको प्रकृतिको वैभव र त्यो वैभव अब कसरी विपत्ति बनेर आउँदै छ भन्ने हुनेछ।

प्राकृतिक रूपमा सम्पन्न कर्णालीको मार्सी चामल र स्याउ नेपाली बजारमै पुग्न नसकेका कारण स्थानीय वस्तुले मूल्य पाउन नसकेको जिकिर गरेर आर्थिक विकासको बाटो अबको सरकारले कोर्ने सपना बाँडेका वालेन्द्र शाह र उनलाई प्रधानमन्त्रीका रूपमा अगाडि सारेको रास्वपाले संसद्मा झन्डै दुईतिहाइ बहुमतका साथ सरकार हाँकिरहेको छ। मुलुकको आर्थिक कायापलट गर्ने सपनालाई योजनामा ढाल्ने र त्यो कार्यान्वयन गर्ने वाचा कति पूरा होला, भविष्यले बताउनेछ। इतिहासले प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपाको समीक्षा गर्नेछ।

सुर्खेतस्थित एक होटलको एउटा कुनामा बसेर यी पंक्ति लेख्दै गर्दा मलाई भने नेपालको आर्थिक विकासको बाटो अझै पनि अँध्यारो नै रहेको र त्यहाँ प्रकाश पुऱ्याउने काममा सरकार र यसको नेतृत्व विस्तारै चुक्दै गइरहेको छ भन्ने लागेको छ। सरकारको ध्यान प्रमुख विषयबाट अन्तैतिर मोडिएको छ। यो आलेखमा मैले कर्णालीको पृष्ठभूमिमा मुलुकको 'विकास ब्लुज' बारे चर्चा गर्नेछु।

कर्णालीलाई नेपालभित्रकै सबैभन्दा दुर्गम, गरिब र राज्यको पहुँचभन्दा टाढा रहेको भूगोलका रूपमा बुझ्ने पर म्परा छ। राजधानीका नीति निर्माता, सञ्चारमाध्यम र राजनीतिक दलहरूले कर्णालीको चर्चा गर्दा प्रायः भोक, अभाव, भौगोलिक विकटता, खाद्यान्न संकट र बसाइँसराइको चित्र प्रस्तुत गर्छन्। ती यथार्थ हुन्। कर्णालीका धेरै ठाउँमा आज पनि गुणस्तरीय स्वास्थ्य सेवा, भरपर्दो सडक, सुरक्षित खाने पानी, नियमित विद्युत् र रोजगारीको पहुँच छैन। तर कर्णालीलाई अभावको पर्याय बनाएर मात्र हेर्नु पनि राज्यको अर्को बौद्धिक र व्यावहारिक कमजोरी हो। कर्णालीसँग समस्या मात्रै छैनन्। यससँग नेपालको आर्थिक भविष्य बदल्न सक्ने स्रोत, संस्कृति, श्रम र सम्भावना पनि छन्।

प्रधानमन्त्री शाहले कर्णाली भ्रमणका क्रममा पूर्वराजा महेन्द्रले रारा ताल लाई दिएको 'स्वर्गकी अप्सरा' को उपमा स्मरण गरेको प्रसंगलाई केवल राजनीतिक भाषणको अलंकार मान्न हुँदैन। रारा तालको सौन्दर्य वास्तवमै अद्वितीय छ। तर राराको किनारमा बस्ने नागरिकको जीवनमा त्यो सौन्दर्यले कति आर्थिक अवसर सिर्जना गरेको छ भन्ने प्रश्नको जवाफ खोज्ने हो भने राज्यको निरन्तरको कमजोरी त्यहीं देखिन्छ।

कर्णालीको भूगोल नेपालका अरू प्रदेशभन्दा भिन्न छ। यहाँ हिमाल, नदी, उपत्यका, जंगल, उच्च हिमाली चरन, जडीबुटी र विविध संस्कृति एकै ठाउँमा भेटिन्छन्। नेपालको सबैभन्दा ठूलो ताल रारा, गहिरो ताल शे-फोक्सुन्डो, सबैभन्दा लामो नदी कर्णाली, विशाल भूभाग भएको डोल्पा र ऐतिहासिक सिँजा सभ्यताले यस प्रदेशको विशिष्टता देखाउँछन्। यी सम्पदा लाई कृषि, पर्यटन, ऊर्जा, व्यापार र स्थानीय उद्यमसँग जोड्न सकियो भने कर्णाली राज्यको अनुदान पर्खने प्रदेश होइन, राष्ट्रिय अर्थतन्त्रलाई गति दिने प्रदेश बन्न सक्छ।

कर्णालीको वास्तविक गहिराइ राज्यले कहिल्यै नाप्न सकेन। सरकारले कहिले यसलाई राहत आवश्यक पने क्षेत्रका रूपमा हेऱ्यो, कहिले चुनावी भाषणको भावनात्मक विषय बनायो र कहिले बजेटमा केही रकम छुट्याएर आफ्नो जिम्मेवारी पूरा भएको ठान्यो। प्रधानमन्त्री वालेन्द्र शाहले चुनावी भाषणमा भनेको विषय सत्य हो। कर्णालीको वास्तविक गहिराइ राज्यले कहिल्यै नाप्न सकेन। सरकारले कहिले यसलाई राहत आवश्यक पने क्षेत्रका रूपमा हेऱ्यो, कहिले चुनावी भाषणको भावनात्मक विषय बनायो र कहिले बजेटमा केही रकम छुट्याएर आफ्नो जिम्मेवारी पूरा भएको ठान्यो। तर कर्णालीको विकासका लागि चाहिने नीति भने फरक छ। यहाँ सडक बनाउनु मात्र पर्याप्त छैन। त्यो सडक वर्षायाममा चल्छ कि चल्दैन भन्ने सुनिश्चित हुनुपर्छ। विद्यालय खोल्नु मात्र पर्याप्त छैन। त्यहाँ शिक्षक, इन्टरनेट र सिकाइको वातावरण छ कि छैन हेर्नुपर्छ। स्वास्थ्य चौकीको भवन बनाउनु मात्र पर्याप्त छैन, औषधि, स्वास्थ्यकर्मी र आपत्कालीन यातायात उपलब्ध छ कि छैन भन्ने प्रश्न मुख्य हो। कर्णाली प्रदेश अस्पतालमा अहिले पनि दक्ष चिकित्सकको अभाव छ।

कर्णालीको अर्थतन्त्रमा समस्या उत्पादनको अभाव होइन, उत्पादनले बजार नपाउनु हो। जुम्लाको स्याउ, मार्सी धानको चामल, सिमी, ओखर, मह, आलु, जडीबुटी, भेडाच्यांग्राका उत्पादन र स्थानीय अन्नको चर्चा देशभर हुन्छ। तर किसानले उत्पादन गरेपछि उसको वस्तु कहाँ पुग्छ, कसरी पुग्छ र कति मूल्यमा बिक्री हुन्छ भन्ने प्रश्नको जवाफ छैन। जुम्लाको स्याउ उतै कुहिने, स्थानीय चामलले नियमित बजार नपाउने र ओखर वा सिमी बिचौलियाको हातबाट सस्तो मा बाहिरिने अवस्था अन्त्य नभएसम्म कृषिबाट कर्णालीको समृद्धिको नारा खोक्रो हुन्छ।

किसानलाई उत्पादन बढाउन आग्रह गर्नु सजिलो छ। तर उसले उत्पादन गरेको वस्तु सुरक्षित रूपमा बजारसम्म पुऱ्याउने प्रणाली नबना उनु नीति निर्माताको असफलता हो। कृषि विकासको अर्थ बीउ, मल र अनुदानमा मात्र सीमित हुँदैन। उत्पादन पछि संकलन, वर्गीकरण, प्याकेजिङ, चिस्यान भण्डारण, प्रशोधन, ब्रान्डिङ र बिक्रीको सम्पूर्ण शृंखला निर्माण हुनुपर्छ। जुम्लाको स्याउलाई ताजा फलका रूपमा मात्र होइन, जुस, जाम, सुकुटी तथा अन्य मूल्यवर्द्धित उत्पादनका रूपमा बजार मा लैजान सकिन्छ। .(ईकान्तिपुरबाट)

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं।

ठुलीभेरी नगरपालिका, डोल्पा

भू-संरक्षण गरौं।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं।

काइके गाउँपालिका, डोल्पा

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

प्रधानमन्त्री शाहद्धारा महासभामा सम्बोधन

प्रधानमन्त्री शाहको सम्बोधन

सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहज्यूले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा असोज ९ गते शुक्रबार गर्नुभएको सम्बोधनको पूर्णपाठ

श्रीमान् अध्यक्षज्यू,

श्रीमान् महासचिवज्यू,

महामहिमज्यूहरू,

सम्माननीय प्रतिनिधिज्यूहरू,

महिला तथा सज्जनवृन्द,

म यहाँ तपाईंहरूसामू हिमालयमा रहेको एउटा टाढाको देश नेपालका तर्फबाट मानवतालाई नजिकैदेखि दिइरहेको चेतावनी लिएर आएको छु। आज म यहाँ विकास, लोकतन्त्र, शान्ति र एउटा राष्ट्रको आशाबारे मात्रै बोल्न चाहन्थे ।

तर, त्यसको सट्टा, म मृत्यु र अकल्पनीय विनाशबारे बोल्छु । ती परिवार बारे जो कहिल्यै घर नफर्कने आफ्ना प्रियजनलाई पर्खिरहेका छन् । ती समुदायबारे जसले लेदो, ढुङ्गामाटो, पानीभित्र आफ्ना मानिसहरूको खोजी गरिरहेका छन्, जसको शरीर अब कहिल्यै नभेटिन सक्छ। ती पुलहरू, सडकहरू, विद्यालयहरू, घरहरू र जीविकोपार्जनका माध्यमहरू निमेषभरमै बगेर गए। एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो त्यसमा अवरोध पुगेको छ।

४ साताअघि, विश्वले नेपालको हिमाली समुदायहरूमा तीव्रताका साथ आएको विनाशकारी बाढीको भयावह दृश्य देख्यो, जसलाई धेरैले ' हिमालयन सुनामी' भनेका छन्। भोटे कोशी-त्रिशूली विपद् स्थानीय त्रासदी मात्रै थिएन, यो विश्वका लागि एउटा चेतावनी पनि थियो।

र, म आज तपाईंहरुसँग सोध्छु- के हामीले साँच्चै त्यो चेतावनी सुनेका छौं?

करिब ३ वर्षअघि, संयुक्त राष्ट्रसंघका महासचिवले हाम्रो सगरमाथा क्षेत्रमा उभिएर नजिकिँदै गरेको जलवायु विपत्तिको भयावह अवस्थाबारे मानवतालाई चेतावनी दिनुभएको थियो। विश्वको छानोबाट आएको त्यो चित्कार बुलन्द रूपमा सुनिएन। हामीले नेपालमा सुन्यौं, हाम्रो समुदायले सुन्यो। विश्वभरका वैज्ञानिकहरूले सुने। उनीहरूले प्रमाणसहित त्यसलाई दोहोऱ्याइरहे।

तर हामी, विश्वका राजनीतिक नेतृत्वहरूले त्यो चेतावनीलाई जोखिममा रहेका मानिसहरूको आवश्यकताअनुसार तीव्र गतिमा कार्यान्वयनमा बदल्न बेवास्ता गऱ्यौं। त्यसको दुःखद् परिणाम हामीले गत महिना भोग्यौं।

तार्तिदै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको छ। हिउँले जमेको माटो पग्लिदा हिमालको भिरालो भूभागमा चिरा परेका छन्। हिमचट्टानसहितको पहिरो, बाढीलगायत शृङ्खलाबद्ध जोखिमहरू बढिरहेका छन्।

परिणामस्वरुप यस विनाशले नेपाल-चीन सीमाका दुवै भूभागमा ठूलो क्षति पुऱ्यायो। बाढी निरन्तर भारततिर बग्दै गयो। यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ। जलवायु परिवर्तनले सीमा चिन्दैन। हिमनदी र बाढी पासपोर्टमा भिसा लगाएर यात्रा गर्दैनन्।

महामहिमज्यूहरू,

म यहाँ गुनासो गर्न होइन, केही सुझाव साझा गर्न आएको हुँ।

सर्वप्रथम, विपत्तिपछि नेपाललाई सहयोग गर्न आउने सबैप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु। हाम्रा छिमेकी मुलुकहरू भारत र चीनले तत्कालै र खुला हृदयका साथ सहयोग गरे। अन्य मित्रराष्ट्रहरू, संयुक्त राष्ट्रसंघीय प्रणाली, मानवीय सहायता प्रदायक संस्थाहरू, परोपकारी संस्थाहरू तथा विश्वभरका मानिस नेपालसँगै उभिनुभयो। म उहाँहरू सबैलाई नेपालका कृतज्ञ जनताका तर्फबाट धन्यवाद भन्न चाहन्छु।

नेपाल अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यको सामना गरेको छ। कम्तीमा १ हजार ४ सय जनाको मृत्यु भएको पुष्टि भइसकेको छ भने ६ हजारभन्दा बढी मानिस अझै बेपत्ता हुनुहुन्छ। हाम्रो द्रुत क्षति आकलनअनुसार अब भौतिक पुनःस्थापनाका लागि नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी)को १० प्रतिशत आवश्यक छ ।

सन् २०१५ मा नेपालमा गएको गोरखा भूकम्पपछिको पुनर्निर्माणमा जस्तै यसपटक पनि हामी तपाईंहरूको ऐक्यबद्धता र सहयोगको अपेक्षा गर्छौं । तर, यो विपद् नेपाल बाहेकका लागि पनि किन अर्थपूर्ण छ भन्ने हामीले बुझ्नुपर्छ। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ। यो संकट हामीले सिर्जना गरेका होइनौं। तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौं। हाम्रा हिमनदी खुम्चिँदै गएका छन्। हाम्रा हिमालका भिराला भूभागहरू अस्थिर बन्दै गएका छन्। हाम्रा नदीहरू पूर्वानुमान गर्न नसकिने अवस्थामा पुगेका छन्। प्रत्येक ठूला विपद्ले हामीले वर्षौं लगाएर निर्माण गरेका विकासका पूर्वाधारहरूलाई ध्वस्त बनाउने चेतावनी दिइरहेका छन्। नेपालका लागि जलवायु विपद् मानवीय घटना मात्रै होइन, विकासको सङ्कट पनि हो। यसले सडकहरू, पुलहरू, विद्यालयहरू, घरहरू, खेतीयोग्य जमिन र जीविकोपार्जनका माध्यमलाई क्षति पुऱ्याउँछ। यसले गरिब देशले गरेको नगन्य गल्तीबाट भएको क्षतिको भरपाइका लागि ठुलो ऋण लिन बाध्य बनाउँछ ।

हामी कुनै देश वा महादेशलाई दोष दिन यहाँ आएका होइनौं। हामी जलवायु परिवर्तनलाई अर्को भूराजनीतिक युद्धभूमिमा परिणत गर्न पनि यहाँ आएका होइनौं। हामी यहाँ सबैलाई आफ्नो जिम्मेवारी र ऐक्यबद्धतामा पुनःप्रतिबद्ध हुन आग्रह गर्न आएका हौं ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिमार्फत अन्तर्राष्ट्रिय समुदायले साझा तर फरक-फरक जिम्मेवारी तथा आ-आफ्नो क्षमताको सिद्धान्तमा पहिले नै सहमति जनाइसकेको छ। जसले ऐतिहासिक रूपमा समस्यामा बढी योगदान गरेका छन् र जोसँग प्रतिक्रिया जनाउने बढी क्षमता छ, उनीहरूले बढी गर्नुपर्छ ।

'जलवायु न्याय' संयुक्त राष्ट्रसंघको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुनुहुँदैन। हाम्रो देशका मानिसहरूलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्छ ।

महामहिमज्यूहरू,

हिन्दूकुश हिमालय करिब दुई अर्ब मानिसको घर हो। यी पर्वतहरूले नेपालभन्दा धेरै परसम्म रहेका जनसंख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन्। हिमालय पृथ्वीको छेउमा रहेको भूभाग मात्रै होइन, यो पृथ्वीको जीवन-सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो ।

त्यसैले पहिलो आकस्मिक कदमका रूपमा नेपाल, भारत र चीनको नेतृत्वमा हिमालय जलवायु उत्थान शीलता संयन्त्र स्थापना गर्न हामी प्रस्ताव गर्छौं। यस संयन्त्रमार्फत हामी भू-उपग्रहसम्बन्धी तथ्याङ्क र विशेषज्ञता साझा गर्यौं। जोखिमयुक्त हिमतालहरूको अनुगमन गर्यौं। संयुक्त पूर्वसूचना प्रणालीलाई सुदृढ बनाऔं। र, जब विपद् आउँछ, सीमापार सहयोगलाई समन्वय गर्यौं ।

हिमालयलाई छरिएका सूचनाभन्दा अन्तर्राष्ट्रिय सहयोगको एउटा प्रयोगशाला बनाऔं। नेपाल एउटा अतिकम विकसित देश भएर पनि आफ्नो पारिस्थितिक हिस्साभन्दा धेरै ठुलो वैश्विक भूमिका निर्वाह गरिरहेको छ। हामीले आफ्नो भूभागको करिब आधा हिस्सा ढाक्ने गरी वन क्षेत्र विस्तार गरेका छौं। आफ्ना स्वच्छ ऊर्जाको आवश्यकता पूरा गर्न र बाहिरबाट आएको प्रदूषणको स्रोतलाई विस्थापित गर्न तीव्रगतिमा जलविद्युत् आयोजनाहरू विकास गरिरहेका छौं। युरोपका केही भूभागसँग तुलना गर्न मिल्ने दरमा विद्युतीय सवारीसाधनहरूको प्रयोगलाई प्रवर्द्धन गरिरहेका छौं। स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ बनाइरहेका छौं। दोहोरिरहने जलवायु विपद्को सामना गर्न अझ बढी कदम चाल्नेछौं। तर नेपाल एक्लैले विश्वव्यापी शासन व्यवस्थाको असफलताबाट सिर्जित संकटविरुद्ध उत्थानशीलता निर्माण गर्न सक्दैन ।

त्यसैले यस महासभाले यी ६ शब्द लाई ध्यान दिनुपर्छः राहत। पुनःस्थापना। पुनर्निर्माण। र, त्यसैगरी : जिम्मेवारी। क्षतिपूर्ति। उत्थानशीलता। पहिला तीन वटा विपद्पछि हामीलाई आवश्यक पर्छन्। पछिल्ला तीनवटा विपद्लाई स्थायी अवस्थाका रूपमा परिणत हुननदिन हामीलाई आवश्यक पर्छन्। जब जलवायुजन्य विपद्ले गरिब देशको पूर्वाधार नष्ट गर्छ, त्यसको उत्तर अकोठूलो ऋण वा टुके अनुदान मात्र हुन सक्दैन ।

हामीलाई विश्वबाट अनुदानमा आधारित पर्याप्त सहयोग आवश्यक छ। क्षति तथा नोक्सानी कोष, विश्व व्यापी वातावरणीय सुविधा र अन्य सम्बन्धित वित्तीय संयन्त्रहरू अझै अपर्याप्त छन्। जलवायु वित्त यस्तो कर्मचारीतन्त्रको जाल बन्नु हुँदैन, जसबाट कमजोर देशहरूले आफूलाई आवश्यक सहयोगका लागि वर्षौंसम्म प्रमाणित गर्नुपरोस्। जब घरमा आगो लाग्छ, तब हामी परिवारलाई ५० वटा फाराम भर्न लगाउँदैनौं। हामी काम गर्छौं। जलवायु न्यायको अर्थ पनि यही हुनुपर्छ ।

महामहिमज्यूहरू,

यसले मलाई एउटा ठुलो प्रश्नतर्फ जोड्छ। हामी कस्तो अन्तर्राष्ट्रिय व्यवस्था चाहन्छौं? संयुक्त राष्ट्रसंघ मानवताले भोगेको भयावह विश्वयुद्धको अनुभवबाट जन्मिएको हो। यसको वाचा सार्वभौमिकता महत्वपूर्ण हुन्छ भन्ने थियो। अन्तर्राष्ट्रिय कानुन महत्वपूर्ण हुनेछ। हरेक मानवको गरिमा महत्वपूर्ण हुनेछ। कमजोरहरूले शक्तिशालीहरूले जे निर्णय गर्छन्, त्यो मात्र स्वीकार गर्नुपर्ने छैन। आज त्यो अन्तर्राष्ट्रिय प्रणाली दबावमा छ। धेरै पटक सैन्य र आर्थिक शक्तिले कसको आवाज सुनिन्छ भन्ने निर्धारण गर्छ। नेपाल निष्पक्ष विश्वव्यापी आर्थिक व्यवस्थामा विश्वास गर्छ ।

सन् १९९४ मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदनले 'मानवीय असुरक्षा'को अवधारणा अघि सारेको थियो। यसले सुरक्षालाई भूभागभन्दा मानिससँग र हतियारभन्दा विकाससँग जोडेको थियो। यसले डर र अभावबाट स्वतन्त्रता सुनिश्चित गर्न शान्तिको लाभांश प्रयोग गर्न आह्वान गरेको थियो ।

गत मार्चमा नेपालमा इतिहासकै सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचन भयो। त्यसबाट निर्वाचित बहुमतको सरकारले त्यसयता धेरै अन्तर्राष्ट्रिय प्रतिकूलताको सामना गर्नुपरेको छ ।